

# मानव अधिकार अवस्थाको मासिक विश्लेषण


(मासिक विश्लेषण-असार, २०७८)[1]

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा प्रकाशित समाचार अनुसार ०७८ असार महिनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट १ सय ८ जना




महिला र ५४ जना पुरुष गरी १ सय ६२ जना पीडित भए भने धनकुटाको पाखिबास नगरपालिकामा तोडफोड भएको र डोटीमा एउटा एक्साभेटरमा आगजनी गरेका घटना पनि अभिलेखित छन् । प्रकाशित समाचार अनुसार असार महिनामा राज्य पक्षबाट ४० जना र अन्य पक्षबाट १ सय २२ जना पीडित भए ।




---

[1] इन्सेकले विगत २९ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७७ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण इन्सेकअनलाइनमा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । इन्सेकले अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक महिनाको ७ गतेभित्र मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जवाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

सबैभन्दा बढी बागमती प्रदेशमा ४६, प्रदेश २ मा ४४ जना, लुम्बिनी प्रदेशमा २१ जना, प्रदेश १ मा २० जना, गण्डकी १५ कर्णाली प्रदेशमा १२ र सुदूरपश्चिम प्रदेशमा चार जना पीडित भए ।

असार महिनामा पत्नी हत्याका ६, परिवारजनबाट हत्याका चार, बलात्कारपछि हत्याको तीन, बलात्कार प्रयासपछि हत्याको एकसहित २२ जनाको हत्या भएका घटना अभिलेख गरिएको छ । यो अवधिमा झडपमा १२ जनासहित १५ जना घाइते भए । गिरफ्तारीका घटनामा तीन जना महिलासहित ३० जना, कुटपिटबाट पाँच जना, धम्कीका घटनामा एक जना र यातनाका घटनामा एक जना पीडित भए ।

असारमा प्रकाशित समाचारमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा परी ५३ जना बालिका पीडित भए । अभिलेखित घटनाहरूमध्ये बलात्कारका घटनामा ३८ जना, यौन दुर्व्यवहारका घटनामा १४ जना र बाल विवहाको घटनामा एक जना बालिका पीडित भए ।

महिला अधिकार उल्लङ्घनका घटनामा ३२ जना पीडित भए । जसमा बलात्कारका घटनामा २० जना, बलात्कार प्रयासका घटनामा सात जना, यौन दुर्व्यवहारका घटनामा तीन जना, जबरजस्ती यौन कार्यमा लगाएको घटनामा एक जना र घरेलु हिंसाको घटनामा एक जना महिला पीडित भए ।

असार महिनामा कोभिड सङ्क्रमितको पुष्टि दर उस्तै रहेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा दैनिक जारी अवस्था प्रतिवेदन अनुसार असार १ गते परीक्षण गरिएकामध्ये २३ प्रतिशतमा कोभिडको सङ्क्रमण पुष्टि भएको थियो भने असार ३१ गते २२ प्रतिशत रहेको छ । असार १ गते सक्रिय सङ्क्रमितको सङ्ख्या ६३ हजार २ सय ५७ रहेकामा असार ३१ गते यो सङ्ख्या घटेर २६ हजार ८ सय २२ मा आइपुगेको छ । कोभिड-१९ सम्बन्धी दैनिक अपडेट तथा साप्ताहिक विश्लेषण इन्सेक अनलाइनमा उपलब्ध छ ।[१]

| घटनाको प्रकार | पीडित सङ्ख्या | |
|---|---|---|
| | महिला | पुरुष |
| गिरफ्तारी | ३ | २७ |
| कुटपिट | १ | ४ |
| धम्की | | १ |
| यातना | | १ |
| **घाइते** | | |
| घाइते | | ३ |
| झडपमा घाइते | | १२ |
| **जम्मा** | | **१५** |
| **हत्या** | | |
| उपचार अभावमा मृत्यु | | १ |
| थुनुवाको मृत्यु | १ | |
| पत्नी हत्या | ६ | |
| परिवारजनबाट हत्या | २ | २ |
| बलात्कार प्रयासपछि हत्या | १ | |
| बलात्कारपछि हत्या | ३ | |
| शिशु हत्या | १ | |
| हत्या | ३ | २ |
| **जम्मा** | **१७** | **५** |
| **बाल अधिकार** | | |
| बलात्कार | ३८ | |
| बालविवाह | १ | |
| यौन दुर्व्यवहार | १४ | |
| **जम्मा** | **५३** | |
| **महिला अधिकार** | | |
| घरेलु हिंसा | १ | |
| जबरजस्ती यौन कार्यमा लगाएको | १ | |
| बलात्कार | २० | |
| बलात्कार प्रयास | ७ | |
| यौन दुर्व्यवहार | ३ | |
| **जम्मा** | **३२** | |
| **जातीय विभेद** | **२** | **१** |
| कूल जम्मा | १०८ | ५४ |

*२४ वर्षीया रुपा सुनारले आफूलाई दलित भएकै आधारमा कोठा भाडा नदिएको भन्दै काठमाडौं महानगरपालिका-११ बबरमहलकी ५४ वर्षीया सरस्वती प्रधानविरुद्ध महानगरीय प्रहरी वृत सिंहदरबारमा असार ३ गते जातिय भेदभावविरुद्ध उजुरी दर्ता गराउनु भएको छ । पीडित सुनारले साथीसहित असार १ गते घरबेटी प्रधानकोमा गएको र कोठाको भाडादर समेत तय भई भाडामा लिने दिने सहमति भएपछि आफ्नो थर सोधिएको र थर बताएपछि जातकै आधारमा आफूलाई कोठा नदिएको बताउनु भयो । असार ९ गते तत्कालीन मन्त्री कृष्णगोपाल श्रेष्ठको उपस्थितिमा सरस्वती प्रधान रिहा भएको प्रहरीले जनायो । यो घटना सर्वोच्च अदालतसम्म पुगेको छ । अदालतले जातीय विभेद गरी कोठा नदिएको आरोप लागेकी घरबेटीलाई छुटाउन सहयोग गरेको आरोपमा असार ३१ गते पूर्वमन्त्री*

[१] http://inseconline.org/np/%e0%a4%95%e0%a5%8b%e0%a4%ad%e0%a4%bf%e0%a4%a1-%e0%a5%a7%e0%a5%af/

*श्रेष्ठविरुद्ध अनुसन्धान अघि बढाउन आदेश दिएको छ । जातीय विभेद मानवता विरुद्धको कार्य हो । यसले समाजलाई विद्वेश र असहिष्णुतातर्फ रूपान्तरित गर्दछ । यस्ता गैरकानुनी कार्यको पक्षमा गरिने वकालत, संरक्षण र अभियानले समग्र मानव विकास र मानव अधिकार प्रतिकूलको वातावरण निर्माण गर्नेतर्फ सचेत रहनु आवश्यक छ । इन्सेकले असार १६ गते विज्ञप्ति जारी गर्दै जातीय विभेद अन्त्यका लागि एकताबद्ध पहलकदमी गर्न आह्वान गरेको छ । घटनाको छिनोफानो हुन भने बाँकी छ ।*

*२०७८ साउन ७ गते*


इमेलः inseconline@insec.org.np

वेबसाइटः www.inseconline.org, www.insec.org.np